नेपाली / *NEPALI*

सक्रिय खतरा प्रतिक्रिया तालिम *(Active Threat Response Training)*
UW–Madison पुलिस विभाग

सक्रिय खतरा भनेको सीमित र भीड हुने ठाउँमा मानिसहरूलाई मार्ने वा मार्ने प्रयासमा संलग्न हुने व्यक्ति(हरू) हो।

सक्रिय खतरा अवस्थाको बारेमा सोच्नु डरलाग्दो र निराशाजनक हुन्छ।
सम्भवत, तपाईंले यस प्रकारको परिस्थितिको सामना गर्नुहुने छैन।
तर यदि तपाईंले गर्नुभयो भने, तपाईंले चाल्नुहुने कदमहरूले तपाईंको ज्यान बचाउन सक्दछन्।

३ मुख्य कदमहरू

भाग्ने

यदि सक्नुहुन्छ भने, तुरुन्तै भाग्नुहोला।
आफ्नो वरीपरी ध्यान दिनुहोला।
निस्किने योजना बनाउनुहोला।
चाँडै निस्कनुहोला। आफ्नो सरसामानहरू छोड्नुहोला।
सुरक्षित हुनुभएपछि, 911 मा फोन गर्नुहोला।

लुक्ने

यदि तपाईं सुरक्षित ठाउँतिर भाग्न सक्नुहुँदैन भने, खतराबाट सकेसम्म टाढा ठाउँमा लुक्नुहोला।
ढोकाहरू बन्द गर्नुहोला, ताला लगाउनुहोला र केही कुराहरूले छेक्नुहोला।
बत्तीहरू निभाउनुहोला।
केही कुराको मुनि होईन, पछाडि लुक्नुहोला।
चुप लाग्नुहोला। फोनहरू साइलेन्टमा राख्नुहोला।
सम्भव भएमा 911 मा मेसेज पठाउनुहोला।

जुध्ने

यदि तपाईंको ज्यान खतराको नजिक छ भने, जुध्नुहोला।
खतरालाई रोक्ने काम गर्नुहोला।
आक्रामक हुनुहोला।
सम्भव भएमा, सामूहिक रूपमा काम गर्नुहोला।
सरसामानहरू फ्याँक्नुहोला, जे पायो त्यसलाई हतियारको रूपमा चलाउनुहोला।
चिच्याएर सहयोग माग्नुहोला।
सुरक्षित हुनुभएपछि, 911 मा फोन गर्नुहोला।

भिडियो चेतावनी

तपाईंले हेर्नुहुने 5:37 मिनेट लामो भिडियो घटेका घटनाहरूको नाटकीयकरण हो।
तपाईंले ३ काल्पनिक विद्यार्थीहरूले सक्रिय खतरा अवस्थाको बारेमा कथाहरू भनेको देख्नुहुनेछ।
तपाईंले हेर्नुहुने भिडियोमा गोलीहरू चलेको समावेश छ।
दर्शक सावधानीको सल्लाह दिइन्छ।